ज्ञान शील एकता

# प्राज्ञिक विद्यार्थी परिषद्, नेपाल

## दोस्रो राष्ट्रिय अधिवेशन

२६-२९ बैशाख, २०६४, पिङ्गलास्थान, काठमाडौं

**प्रस्ताव क्रमाङ्क-१**

## शिक्षा क्षेत्रमा GATS को आक्रमण रोकौं

सन् १९९५ मा उरूग्वे राउण्डको वार्ताको परिणामस्वरूप (General Agreement on Trade in Services (GATS) अस्तित्वमा आएको हो । यसैको कारणले सेवा क्षेत्र पनि विश्वव्यापार संगठनको परिधिभित्र आयो जसमा शिक्षाको क्षेत्रलाई पनि समावेश गरिएको छ । यसले गर्दा शिक्षामा भू-मण्डलीकरणको प्रकृया द्रुतगतिमा बढ्दै गएको छ र भविष्यमा पनि यसले शिक्षामा बहु-आयामी प्रभाव पार्ने सम्भावना छ । शिक्षा केवल आर्थिक समृद्धिको मात्र साधन नभएर व्यक्तिको समग्र विकासमा सहायक हुने, सांस्कृतिक धरोहर फैलाउने, जीवन मूल्यलाई समाजमा स्थापित गर्ने,वैचारिक नेतृत्व खडा गर्ने, सामाजिक परिवर्तनको दिशालाई ठिक गर्ने तथा नागरिक गुणको विकास गरी लोकतान्त्रिक व्यवस्थालाई सक्षम/दरिलो बनाउने साधन हो । शिक्षालाई विक्रीको वस्तु मानेर विश्व व्यापार संगठन (World Trade Organization (WTO) को परिधिमा ल्याउने पश्चिमेली प्रयास शिक्षाका यिनै मूलभूत उद्देश्यहरू (जुन युनेस्काको प्रस्तावमा पनि नीहित छ) का विरूद्ध छ । धेरैजसो शिक्षाविद्‌हरूले पनि यस प्रयासको विरोध गरेका छन् । पश्चिमी देशहरूका चार ठूला संस्थाहरू जसमा क्यानडाका महाविद्यालयहरू तथा विश्वविद्यालयहरूको एशोसियन, अमेरिकी शिक्षा परिषद्, युरोपियन विश्वविद्यालय एशोसिएशन तथ संयुक्त राज्यको उच्च शिक्षा प्रत्यायन परिषद्‌ले पनि आफ्नो संयुक्त घोषणा पत्रमा भनेका छन् कि “उच्च शिक्षा भनेको जनसेवा गर्ने माध्यम हो । यसको अन्तर्राष्ट्रियकरण गर्नं अनुचित होइन तर शिक्षालाई विक्रयको वस्तु मान्नु चाँहि सर्वथा अनुचित हो ।” त्यसैगरी आफ्नो संयुक्त घोषणामा GATS को परिधिभित्रको शिक्षाको स्वरूप मथि आशंका व्यक्त गर्दै आ-आफ्नो देशमा शिक्षालाई GATS भन्दा बाहिर राख्न अपिल गरेका छन् । उच्च शिक्षाको सम्पूर्ण आर्थिक भार विद्यार्थीहरूमा पार्ने नीतिले धेरै विकसित देशहरूमा सामाजिक एवं सांस्कृतिक दुष्परिणाम निस्किएका छन् भन्ने निष्कर्ष भारतमा पनि नीपा द्वारा “विश्वव्यापार संगठन अन्तर्गत शिक्षा क्षेत्रमा व्यापारिकरण” विषयमा आयोजित उपकूलपतिहरू, उच्च शिक्षा परिषद्‌का अधिकारीहरू तथा शिक्षाविद्‌हरूको बैठकमा निकालियो । यसै सन्दर्भ AIU द्वारा गठित Task Force ले पनि गम्भीर चिन्ता व्यक्त गरेको छ ।

अक्टोबर २००६ सम्ममा विश्व व्यापार संगठनका १४९ सदस्य राष्ट्रमध्ये केबल ४७ राष्ट्र शिक्षाको विषयमा GATS मा स्वीकार्यता दिएका छन् । तिनीहरूमध्ये ३१ देशहरूले प्राथमिक, ३६ देशले माध्यमिक, ३८ देशले उच्च शिक्षा, ३७ देशले किशोर शिक्षा र २२ देशले अन्य विषयमा स्वीकार्यता दिएका छन् । नेपालले पनि उच्च शिक्षा, किशोर शिक्षा र अन्य विषयमा प्रतिबद्धता प्रकट गरेको छ जुन प्राज्ञिक विद्यार्थी परिषद्, नेपालका लागि आपत्तिको विषय बनेको छ । अचम्मको कुरा के छ भने अमेरिका जसले GATS को अवधारणा ल्याउनमा ठूलो भूमिका खेलेको छ, ऊ आफैंले प्राथमिक, माध्यामिक र उच्च शिक्षालाई GATS को परिधिभित्र राख्न स्वीकार्यता दिएको छैन । यस तथ्यले GATS अवधारणा पछाडि लुकेको निहित पुँजीवादी देशहरूको व्यापारिक स्वार्थलाई छर्लङ्ग पारेको छ ।

शिक्षा क्षेत्र GATS को परिधिभित्र आए पश्चात् GATS को प्रावधानमा हामीले हाम्रो देशमा आउने विदेशी शैक्षिक संस्थाहरूलाई National Treatment दिनुपर्छ । अर्थात् जुन सुविधा वा व्यवस्थाहरू हामीले आफ्नो देशका संस्थाहरूलाई दिइरहेका छौं त्यो सुविधा उनीहरूलाई पनि दिनुपर्दछ । साथै यहाँका शैक्षिक संस्थाहरूका लागि पनि वर्तमानमा दिइएका सुविधाहरू एवं व्यवस्थाहरू बन्द गर्नुपर्दछ । जसका कारण स्वदेशमा धेरै शैक्षिक संस्थाहरूको अस्तित्वमा संकट आउने सम्भावना रहन्छ र गुणस्तर बढी र मूल्य कमको नारामा आउने विदेशी शैक्षिक संस्थाहरूको बाढीमा हाम्रा धेरै जस्ता संस्थाहरूलाई प्रतिस्पर्धा गर्न समेत मुस्किल पर्नसक्छ ।

GATS को विश्वव्यापार संगठनको निमयद्वारा यदि शिक्षालाई नियन्त्रण गरिए सरकारको शिक्षामाथि नियन्त्रण कम हुन्छ भने  हामी जस्ता विकासशील देशको लागि यो खतरनाक हुनेछ । देशको लागि यो बजारमा बिक्ने किसिमका पाठ्क्रमलाई मात्र प्राथमिकता दिन्छन् । तथा कम आर्थिक लाभ हुने किसिमका पाठ्यक्रम केबल हाम्रा शैक्षिक संस्थानमा मात्र पढाइन्छ जसबाट यिनीहरूमा  अझ बढी बोझ पर्नेछ । शैक्षिक संस्थानहरूले यदि बजारको आवश्यकता अनुसार मात्र पाठ्यक्रम बनाउछन् भने हाम्रो देशको इतिहास, कला, जीवनमूल्यहरू तथा नेपालका आवश्यकताहरूका लागि कुनै पनि स्थान नरहने सम्भावना हुन्छ । यस्ता विदेशी संस्थाहरूमा आर्थिक दृष्टिले कमजोर तथा सामाजिकरूपमा बञ्चित वर्गका विद्यार्थीहरूका लागि कुनै पनि स्थान रहने सम्भावना हुँदैन, जसबाट सामाजिक असमानता बढ्नेछ ।

उच्च गुणस्तरीय शिक्षा प्राप्त गर्न विदेशी संस्थाहरूप्रति लालायित तथा खर्च गर्ने क्षमत भएका विशेष वर्गबाट आर्थिक लाभ लिने जस्ता उद्देश्यहरू लिएर अनेकौं विदेशी संस्थाहरू यहाँ आउने छन् । यसबाट उनीहरूले आफ्नो देशमा अमान्य एवं कम गुणस्तर भएको तथा अप्रासंगिक पाठ्यक्रम पढाएर यहाँका विद्यार्थीहरूको आर्थिक शोषण गर्ने सम्भावना पनि यस भू-मण्डलीकरणका कारणबाट दृष्टिगोचर भईरहेको छ । विदेशीले ८० प्रतिशतसम्म लगानी गर्न पाउने प्रतिबद्धताले नेपालका उच्च शिक्षा र अनौपचारिक शिक्षण संस्थाहरू धरासायी हुन सक्छन् । विकासको दिशामा धेरै पछाडि परेको हाम्रो जस्तो मुलुकमा निर्यात भन्दा आयात बढि सम्भावना रहेकोले नेपालको पुँजी आयातित शिक्षाको नाममा विदेशिने छ । साक्षरता र प्रौढ शिक्षा कार्यक्रममा पनि विदेशी लगानी गर्न दिने प्रावधानले शिक्षामा राज्यको दायित्व घट्दै जाने हुन्छ  राष्ट्रियताको जर्गेना गर्नमा समेत समस्या पर्न सक्छ । अहिले नै केही नेपाली निजी संस्थाले विदेशी बोर्डका शिक्षा गैर-कानुनीरूपमा नै उच्च शिक्षाको क्षेत्रलाई GATS को परिधिमा  राख्दा Barin Drain अझै निकै गुणाले बढ्ने छ जुन हामी जस्ता विकासशील देशका लागि घातक सिद्ध हुनेछ । यसैले प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो दोस्रो राष्ट्रिय अधिवेशसले GATS को आक्रमणलाई रोक्ने कडा कदम चाल्न सरकारसंग माग राख्दछ ।

GATS मा प्रवेश गर्नु भनैकै बाह्य शैक्षिक संस्थानहरूसंग खुलारूपमा प्रतिस्पर्धा गर्नु हो । जसका लागि उच्चस्तरीय सीपमूलक जनशक्ति, व्यापारिक प्रविधि र आर्थिक सम्पन्नता आवश्यक पर्दछ । यी तीनमध्यै एउटाको मात्र पनि अभाव भएको अवस्थामा न त व्यापार गर्न सकिन्छ न त व्यापारिक प्रतिस्पर्धा नै । तर नेपालमा आर्थिक, सामाजिक तथा मानवीय सूचकांकहरू सिंगो विश्वको दाँजोमा मात्र नभई एशियाकै दाँजोमा पनि निम्न स्तरका  छन् । यो नेपालका लागि  GATS ले उब्जाउने सबैभन्दा ठूलो चिन्ताको विषय हो भन्ने कुरा यो हाम्रो दोस्रो राष्ट्रिय अधिवेशन सम्पूर्ण शिाक्षाविद् एवं बुद्धिजीवीहरूलाई अवगत गराउन चाहन्छ ।

यी माथि उल्लेखित विविध कारणहरू महशुस गर्दा हामी एक सचेत शैक्षिक परिवार (विद्यार्थी, शिक्षक र शिक्षाविद् ) का नाताले अत्यन्तै सावधान भई शिक्षा माथि भएको GATS को आक्रमणको विरूद्ध  उत्रिनुपर्दछ । प्राज्ञिक विद्यार्थी परिषद्, नेपाले विभिन्न छिमेकी राष्ट्रहरू वा पूरै विश्वसंग आफ्नो सीप र ज्ञानलाई बाँड्ने कामलाई नराम्रो भन्न खोजेको होइन । वास्तवमा शिक्षा निजी क्षेत्रका लागि खुला गर्न सकिन्छ तर त्यो पूर्णरूपमा नाफामूलक नभई सेवाको भावनामा समाहित भएको हुनुपर्दछ । दूरशिक्षालाई प्रोत्साहन दिन सकिन्छ । तर GATS प्रतिको नेपालको प्रतिबद्धता विना कुनै आधार नै दातृ संस्थाको दबावमा गरिएको हुन सक्ने आशंका व्यक्त गर्दै यस्ता राष्ट्रिय हित विपरित गरिने सरकारी निर्णयले नेपाललाई उँधो न उँभोको स्थितिमा पुऱ्याउने छ भन्ने  कुरा प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो दोस्रो राष्ट्रिय अधिवेशन आम विद्यार्थी एवं समुदायमा अवगत गराउन चाहन्छ साथै यस अधिवेशन मार्फत समयमा GATS का नकारात्मक असर घटाउन आवश्यक ठोस कार्ययोजना तयार गरी लागू गर्न समेत आह्वान गर्दछ । साथै बाहिरबाट आउने विश्वविद्यालय तथा विभिन्न खालका शैक्षिक संस्थाहरू र यहाँबाट पढ्न जाने शैक्षिक संस्थाहरूको त्यहाँ (त्यो देशमा) कस्तो स्तर छ अथवा आधिकारिक हो कि होइन भनि छानविन गरी मान्यता दिन केही निश्चित मापदण्ड अपनाउनु पर्दछ । भारत तथा अन्य केही देशहरूमा NAAC, AICTE जस्ता संस्थाहरूले शैक्षिक संस्थाहरूको Accreditation गर्ने प्रावधान रहेको देखिन्छ । नेपालमा पनि त्यस्तो ठोस कानुनी व्यवस्था हुनु पर्दछ जसले गर्दा विदेशी एवं नेपाली शैक्षिक संस्थाहरूको गतिविधिमा निगरानी राख्न, नक्कली संस्थाहरूलाई स्थापित हुनमा रोक लगाउन तथा सम्भावित अनियमितता वा ठगीलाई नियन्त्रण गर्न सकिन्छ । जुन देशबाट त्यस्ता संस्थाहरू शैक्षिक गतिविधि सञ्चालन गर्न आउँदछन् । उनीहरूको आफ्नो देशमा Accreditation भएको छ कि छैन भनि छानविन गरी Academic Audit गरे पश्चात् मात्र नेपालमा प्रवेश दिनु पर्दछ । हाल नेपालमै पनि आधारभूत भौतिक संरचना नै नभई जुन शैक्षिक संस्था खोल्ने होड चलेको छ । विशेष गरी दुई जोड, कलेज, विश्वविद्यालय र व्यवसायिक शिक्षण संस्थान (मेडिकल, नर्सिङ्ग, इन्जिनीयरिङ्ग र डेण्टल) आदिको अध्ययन अनुसन्धान गर्नु पनि अत्यन्त आवश्यक भइसकेको छ ।

वास्तवमा यदि नेपाल सरकारले उपर्युक्त सन्दर्भमा दृढ इच्छा शक्तिका साथ ठोस कदम चाल्दछ भने शिक्षा क्षेत्रलाई GATS को परिधि भन्दा बाहिर राख्नु कठिन कार्य होइन ।GATS सम्झौताका विभिन्न प्रावधानहरूमा Progressive Liberalization अन्तर्गत GATS का १२ वटा सेवाहरूमध्ये आफ्ना इच्छा अनुसारका सेवालाई मात्र अवसर प्रदान गरी हाम्रो शिक्षाको वैश्वीकरण गर्न सकिन्छ । हामीले नेपालको आवश्यकता अनुसार विभिन्न देशहरूसंग Memorandum of Understanding गरी शिक्षाको आदान-प्रदान गर्न सक्दछौ । वर्तमानमा को अस्तित्व नरहेको अवस्थामा पनि नेपालमा Internet, पत्राचार आदिका माध्यमले विदेशी संस्थाहरूका साथ सहकार्य गरी Educaqtional Consultancy जस्ता संस्थाहरू अत्यधिकरूपमा खुली रहेका छन् । यिनीहरूसंग पनि गुणवत्ताका आधारमा यदि हामीले प्रतिस्पर्धा गर्न सकेनौं भने त्यसको पनि नकरात्मक परिणाम हामीले भोग्नु नै पर्दछ ।

उपर्युक्त विषयहरूमा ध्यानाकर्षण गराउँदै शिक्षा क्षेत्रमा GATS को आक्रमण रोक्नका लागि तत्काल ठोस कार्ययोजना बनाई लागू गर्न नेपाल सरकारसंग प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो दोस्रो राष्ट्रिय अधिवेशस जोडदार माग गर्दछ ।

ज्ञान शील एकता

# प्राज्ञिक विद्यार्थी परिषद्, नेपाल

## दोस्रो राष्ट्रिय अधिवेशन

२६-२९, बैशाख,२०६४, काठमाडौं

**प्रस्ताव कमाङ्क-२**

## शैक्षिक पाठ्यक्रमप्रतिको राष्ट्रिय दृष्टिकोण

वर्तमान समयमा देखिएको नेपालको राष्ट्रिय शिक्षाको विकासक्रमले के बताउँछ भने यहाँको विद्यालय एवं क्याम्पस स्तरको शिक्षा अति केन्द्रीकरणबाट ग्रसित छ । विभिन्न राजनीतिक दलहरूले शिक्षा क्षेत्रलाई आफ्नो स्वेच्छा बमोजिम आफ्नो निहित स्वार्थपूर्ति गर्ने थलोको रूपमा प्रयोग गरिरहेका छन् । तर आजसम्म पनि शिक्षाप्रतिको स्पष्ट राष्ट्रिय दृष्टिकोण प्रस्तुत गर्न सकिएको छैन/देखिँदैन ।

आर्थिक, राजनीतिक तथा सामाजिक जीवन कठीन र अझ बढी विशिष्ट भइरहेको वर्तमान अवस्थामा शिक्षा एउठा त्यस्तो माध्यम भएको छ जसमार्फत् हरेक व्यक्तिले जीवनका प्रत्येक चरणमा सफलतताका अवसरहरू चुम्ने गर्छन् । त्यसैले राष्ट्रको शिक्षाप्रतिको पहिलो दृष्टिकोण प्रत्येक व्यक्तिलाई रोजगारीका अवसरहरू प्रदान गर्ने खालको हुनुपर्छ । राष्ट्रिय आवश्यकता र हित अनुकुलको शिक्षा प्रणाली अपनाएकै कारण बेलायत, अमेरिका, जापान, जर्मनी, फ्रान्स आदि देशहरूको राजनीतिक, सामाजिक र आर्थिक व्यवस्था दरिलो बन्दै गएको छ । त्यसैले प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको दोस्रो राष्ट्रिय अधिवेशनको यो मत छ कि शिक्षाप्रतिको राष्ट्रिय दृष्टिको "प्रत्येक व्यक्तिलाई राष्ट्रभक्तिको भावना जागृत गराई अनुशासित र सभ्य समाजको निर्माण गरी राष्ट्र विकासको संवाहक हुने खालको" हुनुपर्छ । प्रतिस्पर्धात्मक विश्व वातावरणबाट झस्किरहेको २१ औं शताब्दीका नेपाली विद्यार्थीहरूको आजको माग भनेकै गुणस्तरीय शिक्षा हो । पाठ्यक्रमले के शिक्षा कसरी दिइएको छ भन्ने रूपरेखा चित्रित गर्ने हुनाले पाठ्यक्रमलाई गुणस्तरीय शिक्षाको एक प्रमुख आधार मानिन्छ । कस्तो शिक्षा दिइएको छ भन्ने कुरा पाठ्यक्रमको ढाँचा र पाठ्यपुस्तकमा समावेश गरिएका विषयवस्तुले जनाँउछ । यसैगरी शिक्षा कसरी दिइएको छ । भन्ने कुरा पाठ्यक्रमको कति हदसम्म अभ्यास वा लागू गरिएको छ त्यसले बताउँछ । यी दुवै शिक्षाका प्रमुख अंगहरू हुन् । तर हामीले हाम्रो शिक्षा क्षेत्रमा यी दुवै अंगहरूलाई अत्यन्तै दयनीय अवस्ताको रूपमा पाइरहेका छौं ।

विगतमा हाम्रा शिक्षाविद्हरूले प्रायजसो शैक्षिक पाठ्यक्रमलाई पश्चिमेली दृष्टिकोणबाट लागू गरे र हाम्रो परम्परागत पाठ्यशैलीलाई बेवास्ता गर्ने काम गरे । वास्तवमा हाम्रो आफ्नै परम्परागत शैक्षिक प्रणाली थियो जुन हजारौं वर्षदेखि पुस्तौं पुस्तामा हस्तान्तरित हुँदै आएको थियो । हामी त्यस्तो महान् देशका नागरिक हौं जहाँ वेदको रचना गरियो, उपनिषद्को जन्म भयो र पुराणजस्ता अनेकौं ग्रन्थ लेखिए । हाम्रो त्यही देश हो जहाँ विद्वान्हरूले ग्रह, नक्षत्र, ताराको अध्ययन गर्ने, तिनीहरूको दूरी मापन गर्ने र तिनको गति ठीक ढङ्गले मापन गर्ने कार्य गर्दथे । विभिन्न किसिमका बहुमूल्य जडीबुटीको खोज र वैज्ञानिक अनुसन्धान गरी विभिन्न प्रकारका रोगहरूको उपचार गर्ने गरिन्थ्यो । तर विडम्बना, नेपालले भारतमा चलाइएको ब्रिटिश साम्राज्यहरूको सञ्चालनका लागि निम्न र मध्यमस्तरका प्रशासनिक कर्मचारी उत्पादन गर्ने उद्देश्य अनुरूप तयार गरिएको शिक्षाविद्हरूले प्रष्ट्याएका छन् । हामी माथि लादिएको उक्त शिक्षा प्रणाली Lock, stock and Barrel सिद्धान्तमा निहित थियो । यसैको प्रभावले आजसम्म पनि नेपालमा लागू गरिएको पाठ्यक्रम हाम्रो आवश्यकता र चाहना अनुसार निर्माण तथ लागू हुन सकेको छैन ।

वि.सं. २००७ सालको क्रान्तिपछि र प्रजातन्त्रको स्थापना भएदेखि नेपालमा शिक्षाको विकासको लहर फैलिएको पाइन्छ । विशेष गरी वि.सं. २०१६ सालमा त्रिभुवन विश्वविद्यालयको स्थापना पछि उच्च शिक्षाको गुणस्तरमा केही सुधार आएको पाइन्छ ।

सन् १९५१मा नेपालको भावी शैक्षिक योजना तयार गर्ने एक अमेरिकी शिक्षाविद्हरूको समूहलाई प्रतिवेदन तयार गर्ने जिम्मा  दिइयो । तर नेपाली धरातलीय यथार्थता र नेपालीको  पुर्ख्यौली परम्परा राम्रोसंग नबुझेका विदेशीहरूले तयार गरेको शैक्षिक कार्यक्रमले अशिक्षित नेपालीको आवश्यकतापूर्ति गर्न सकेन साथै त्यसमा सामाजिक र व्यवसायिक मान्यतामा आधारित शिक्षालाई प्राथमिकता दिइएन । तर B.A, M.A., BSc., MSc., BCom., MCom.,जस्ता शैक्षिक प्रणालीलाई मात्र जोड दिइयो । पञ्चायतकालमा Vocational Technical Education मा जोड दिई पहिलो पटक दक्ष जनशक्ति नै आर्थिक विकासको प्रमुख आधार हो भन्ने विचार ल्याइयो । तर उक्त विचार लागू हुन सकेन । यस पछि ब्रिटिश पद्धतिको वार्षिक शिक्षा प्रणालीलाई हटाएर USA मा चलेको Semester Systen प्रचलनमा ल्याइयो । तर पनि  दक्ष प्रशिक्षक/प्राध्यापक र पुर्वाधारको अभावमा प्रायः असफल भयो ।

वि.सं. २०४६ सालपछि बनेका सरकारहरूले पनि राष्ट्रिय हित अनुकुलको पाठ्यक्रम लागू गर्न सकेन । मध्यमस्तरीय जनशक्तिको उत्पादन एवं उच्च शिक्षाको प्रवेशका निमित्त पुर्वाधारको रूपमा रहेको १० वर्षे विद्यालय शिक्षामा २ वर्षे शैक्षिक तह थप गरी सो को सञ्चालन गर्ने उच्च माध्यमिक शिक्षा ऐन २०४६ को व्यवस्था  गरियो । सन् १९९६ मा त्रि.वि.को २ बर्षे स्नातक तहलाई ३ वर्षे स्नातक तहको पाठ्यक्रममा ४ वटा Faculities (Humanities & Social Sciences, Management,  Law and Education)  संकलन गराइयो । तर पनि शैक्षिक गुणस्तरमा खास सुधार आउन सकिरहेको छैन ।

खासगरी २०४६ पछि बनेका सरकारहरूले शिक्षा क्षेत्रमा गर्न नहुने कामहरू गरे । शिक्षा क्षेत्रलाई आफ्नो निजी वस्तु र दलको स्वार्थलाई पूरा गर्ने संयन्त्रको रूपमा प्रयोग गरे । उच्च शिक्षाको क्षेत्रमा शैक्षिक गुणस्तरको आधार ध्वस्त पार्ने काम त्रिभुवन विश्वविद्यालयबाटै शुरू भएको पाइन्छ । त्रि.वि.वि. सेवा समयको आधारमा बढुवा (Time bound promotion) तथा अस्थायी शिक्षकलाई स्थायी नियुक्ति गर्ने प्रकृया थालेपछि यसको सिको विद्यालय शिक्षामा पनि गरियो । जसले गर्दा विद्यालयमा सम्हाल्नै नसकिने गरी तालिम अप्राप्त र कम शैक्षिक स्तरका हजारौं शिक्षकले स्थायी प्रवेश पाए । शिक्षक/प्राध्यापकलाई सक्रिय कार्यकर्ता बनाउने दलले सरकार चलाँउदा यी सक्रिय कार्यकर्ता शिक्षक/प्राध्यापक कम बढि नेता हुन  थाले । शैक्षिक संस्था भन्दा पार्टीप्रति उनीहरूको सक्रियता बढि देखियो ।   गरीबीको चक्रमा फँसेको हाम्रो देशमा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम कार्यक्रमले कहिल्यै प्राथमिकता पाएन । प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्ले एउटा विश्वविद्यालयको रूप लियो । यसले न त राम्रो प्राविधिक शिक्षा दिने १०/१२ वटा बहुउद्देश्यीय प्राविधिक तालिमकेन्द्र (Ploy Technique) स्थापना गरी सञ्चालन गर्न सक्यो न त छोटो व्यवसायिक तालिम दिन सक्यो । देशको वर्तमान अवस्थामा देशको यत्रो यूवा समूह वैदेशिक रोजगारिको लागि लाखौंको संख्यामा विदेश जाँदैछ । यस अवस्थामा पनि प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् पुरानो परम्परावादी विश्वविद्यालयको रूपमा रहन्छ । भने देशले के आशा गर्ने ? भन्ने आवाजहरू आइरहेका छन् ।

राजा ज्ञानेन्द्रको शासनकालमा त शिक्षा माथि झन ठूलो प्रहार भयो । राष्ट्रवादी शिक्षाका नाममा आफ्ना तस्वीर राख्ने तथा एउटा साँचो (Framework) बनाउने र त्यसमा नअटाउनेलाई बाहिऱ्याउने जस्ता काम बाहेक अन्य कुनै उपलब्धीपूर्ण कार्य गरिएन । तसर्थ यी तथ्यहरूलाई मनन गर्दा राज्यसत्ताको पृष्टपोषण मात्र गर्न नभई राष्ट्रभक्तिमूलक शिक्षाको आवश्यकता देशमा सदा रही नै रहन्छ । त्यसैले शिक्षालाई एउटा शासन व्यवस्था अन्तर्गत मान्नुभन्दा पनि राष्ट्रको गौरवपूर्ण इतिहासको शिक्षा प्रदान गरी नेपाल प्रति गौरव गर्न सक्ने जनशक्ति उत्पादन गर्ने राष्ट्रभक्ति युक्त शिक्षाको खाँचो छ । त्यसले मात्र भविष्यमा नेपाललाई सकारात्मक मार्गमा अग्रसर गराँउदछ । यस्तो शिक्षा व्यवस्था नेपालमा संचालित होस् नेपाल सरकारले तत्काल यो काम गरोस् भन्दै प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो दोस्रो राष्ट्रिय अधिवेशन पाठ्यक्रम निर्माण तथा कार्यान्वयनमा सुधार गरी शिक्षाप्रतिको राष्ट्रिय दृष्टिकोण  रोजगारमूलक र राष्ट्रहित अनुरूपको बनाउन निम्न मागहरू प्रस्तुत गर्दछ :

१. उच्च शिक्षालाई राजनीतिक वातावरणबाट मुक्त गरी एउटा शैक्षिक वातावरण निर्माण गरियोस् साथै उच्च शिक्षालाई एउटा स्वायत्त संस्थामा परिणत गरियोस् जसले गुणस्तरीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गर्न सकोस्  ।

२. देशमा समानुपातिकरूपले गुणस्तरीय जनशक्ति निर्माण गर्न उच्चशिक्षालाई क्षेत्रगतरूपमा विस्तार गर्नुपर्दछ । जस्तै :- पोखरामा पर्यटन व्यवसायी शिक्षामा जोड दिन सकिन्छ भने चितवनमा कृषि शिक्षामा जोड दिन सकिन्छ ।

३. अधिकांश नेपाली जनता कृषिमा निर्भर रहेको र नेपाली अर्थतन्त्रको विकासको मेरूदण्ड पनि कृषि नै हुन सक्ने यथार्थलाई अनूभूत गरी २०३९ सालमा बनेको उच्चशिक्षा सम्बन्धी आयोग तथा २०४८ सालमा बनेको अर्को राष्ट्रिय शिक्षा आयोगले दिएको प्रतिवेदनहरूले नेपालमा कृषि विश्वविद्यालयहरूको आवश्यकता औंल्याएका थिए तर हालसम्म पनि ठोस कदम चालेको पाइदैन । त्यसैले यस तर्फ छिटो ध्यान पुर्‍याइयोस् ।

४. विषयगत विश्वविद्यालय बनाई त्यसै अनुरूप पाठ्यक्रम निर्माण गरी लागू गर्न सकेमा बजारमा स्तरीय उत्पादनको प्रतिस्पर्धा हुन्छ । संसार कै अत्यन्तै राम्रा विश्वविद्यालयहरू जस्तै हर्डवर्ड, लसएन्जल र अन्य कतिपय विश्वविद्यालयहरूमा केही विषयहरू अत्यन्तै राम्रो चलेको छन् । यसको सिको हामी पनि गर्न सक्छौं । हाम्रा विश्वविद्यालय र कलेजले जलविद्युत्, खनिज सम्पदा र जडीबुटी जस्ता क्षेत्रमा विशेष पाठ्यक्रम बनाई शैक्षिक संरचना तयार गर्न सकेको खण्डमा विदेशी विद्यार्थीहरूको चाप बढ्न गई देशले आर्थिक श्रोत जुटाउन सक्छ ।

५. यूरोप र अमेरिकाका विश्वविद्यालयहरू यूरोप र अमेरिकाका पैसाले चलेको होइनन् । त्यहाँको राम्रो पढाइ देखेर एशियाका विद्यार्थीहरू ओइरिएर त्यहाँ भर्ना हुन जान्छन् र तिनले दिएको पैसाले विश्वविद्यालय चलेको छ । यसैले सरकारले गुणस्तरीय शिक्षा प्रदान गरी विश्वविद्यालयलाई आत्मनिर्भर बनाउने तर्फ कदम चाल्नु पर्दछ । भारत स्वतन्त्र हुँदासम्म खाद्यान्नको अभाव थियो । त्यसपछि त्यहाँ कृषिको जिम्मा क्रमशः कृषि विश्वविद्यालयलई दिइयो र आज त्यत्रो जनतालाई चाहिने खाद्यान्न, दुध, माछा, अण्डा फलफूल जस्ता क्षेत्र आत्मनिर्भर बन्न सकेका छन् । यस्ता उदाहरणहरूबाट सरकारले पाठ सिक्नु पर्दछ ।

६. नेपालका विश्वविद्यालयहरूका अधिकांश शोधपत्रहरूको गुणस्तर खस्किएको चर्चा आइरहेको छ । यस तर्फ समयमै विश्वविद्यालयले ध्यान दिन पर्दछ । धेरै जसो शोधपत्र अंग्रेजीमा देखाउनु पर्ने बाध्यताले पनि यस्तो हुनसक्छ । त्यसैले शोधपत्र नेपालीमा पनि लेख्न पाइने प्रावधान बनाउनु पर्दछ ।

७. सबै राजनीतिक दल, शैक्षिक संघ-संस्था र बौद्धिक वर्गको भेला गरी राष्ट्रिय शिक्षाको खाका तयार गर्नु पर्दछ । सबै पार्टी/विद्यार्थी संगठनले व्यवसायिक तथा रोजगारमूलक शिक्षा हुनुपर्दछ भन्ने तर देशका विभिन्न क्षेत्रको विवरण पेस गरी सोही बमोजिम स्पष्ट शैक्षिक योजना लिखितरूपमा पेस गरेको पाइदैन । त्यसैले विद्यार्थी संगठन, सरकार र पार्टीहरूले नाराम्रा मात्र होइन लिखितरूपमा स्पष्ट तरिकाले शिक्षा सम्बन्धी प्रस्तावहरू जनमानसमा ल्याई चर्चा गरी लागू गर्नु पर्दछ ।

८. अहिले निजी कलेजहरूमा भइररहेको A Level/O Level का पढाइको स्तरीयता र राष्ट्रका लागि ती कति सान्दर्भिक छन् भनी जाँचबुझ गर्न एक उच्च स्तरीय समिति तुरून्त गठन हुनु पर्दछ । किनकि अधिकांश विद्यार्थीहरू विदेश जान पाइने प्रलोभनमा यस्ता शिक्षातिर आकर्षित भइरहेका छन् ।

९. पाठ्यक्रम विकास केन्द्रलाई अझ सजग र सक्षम बनाई स्वतन्त्ररूपमा कार्य गर्न दिइनु पर्दछ ।

१०. लोक-संस्कृतिको जर्गेना गर्न क्षेत्रगतरूपमा पाठ्यक्रमको विकास गर्नु पर्दछ ।

११. प्राकृतिक श्रोत साधनलाई उच्चतमरूपमा प्रयोग गर्न व्यवहारिक शिक्षा (जलश्रोत, पर्यटन) मा जोड दिनुपर्दछ ।

१२. वर्तमानमा रहेका विभिन्न विषयका पाठ्यक्रमको योजना अनुसार कार्यान्वयन पक्षलाई जोड दिनुपर्दछ ।

१३. लागूपदार्थ र यौन जन्य विकृतिको अन्त्यको लागि नैतिक शिक्षा र आध्यात्मिक विषयलाई पाठ्यक्रममा समावेश गरिनु पर्दछ ।

उपर्युक्त शीर्षक (पाठ्यक्रममा शिक्षाप्रतिको राष्ट्रिय दृष्टिकोण)मा पारित प्रस्तावका सबै १३ बुँदे सुझाव सहितका शैक्षिक मागमाथि परिषदको यो दोस्रो राष्ट्रिय अधिवेशन नेपाल सरकारको ध्यानाकर्षण गराउँदछ । साथै यी मागहरूप्रति त्वरित कार्यवाहीको लागि नेपाल सरकारसंग जोडदार माग गर्दछ ।

ज्ञान शील एकता

# प्राज्ञिक विद्यार्थी परिषद्, नेपाल

## दोस्रो राष्ट्रिय अधिवेशन

## २६-२९, बैशाख, २०६४, वनकाली धर्मशाला, काठमाडौं

**प्रस्ताव क्रमाङ्क-३**

### धर्मनिपेक्षताको औचित्यहीन घोषणा र त्यसको सान्दर्भिकता

२०६२/६३ मा भएको ऐतिहासिक जनआन्दोलनले नेपालमा लोकतान्त्रिकपद्धतिको विकास हुने मार्ग प्रशस्त बनाएको छ । लोकतन्त्रको संस्थागत विकास र राष्ट्रको पुनर्निर्माणको लागि गरिएको उक्त जन-आन्दोलनका शहीदहरूप्रति प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रिय कार्यकारिणी समिति बैठक हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछ ।

जन-आन्दोलनको मूल भावनाकै परिप्रेक्ष्यमा नेपालमा निरंकुश राजतन्त्रको विरूद्ध गरिएको आन्दोलनको आधारभूत विषयहरू नेपालमा राजतन्त्रले पुऱ्याएका नोक्सानीहरू थिए । निरंकुश राजतन्त्रले नेपालमा लोकतन्त्रको संस्थागत विकास हुन दिएन एवं नेपालका धेरै विषयहरूलाई प्रत्यक्ष र परोक्षरूपमा प्रभावित बनायो । हिन्दूत्वको गलत प्रयोग गरी हिन्दूत्व, राजा र राजसंस्थालाई एक अर्काका पर्याय हुन् भनि गलत व्याख्या गर्दै समाजमा भ्रमजाल फैलाई शासनमा आफूलाई टिकाई राख्ने जुन दुष्प्रयास गरियो त्यसको फलस्वरूप एकातिर हिन्दूत्वले नराम्रो आक्षेप व्यहोर्नु पऱ्यो भने अर्कोतिर नेपाली जनताले विश्वमा विशिष्ट पहिचान बोकेको एकमात्र संवैधानिक हिन्दू राष्ट्र गुमाउन पुगे । तत्कालीन राज्य व्यवस्थाले जनताका मौलिक हक अधिकारहरू माथि बन्देज लगाई धर्म, राष्ट्रियता र प्रजातन्त्रमा कुठाराघात गर्ने कार्यले गर्दा नेपाली जनताले विश्वसामु आत्मसम्मान गुमाउने स्थिति आयो । अतः लोकतन्त्रलाई जोगाउन जस्तोरूपमा हामीले आन्दोलन गऱ्यौं त्यस्तै राजतन्त्र र अन्य पक्षले उपर्युक्त विषयहरू माथि पुऱ्याएको खतरा एवं आत्मसम्मानमा गराएको बदनामका विरूद्धमा पनि हामीले आन्दोलन गर्नुपर्ने आवश्यकता प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समितिको बैठकले महशुस गरेको छ । नेपाल एउटा सनातन हिन्दू राष्ट्र र धार्मिक सहिष्णुतायुक्त राष्ट्रको रूपमा परम्परादेखि रहँदै आएको छ । यस राष्ट्रको विश्वव्यापी पहिचान भन्नु नै धार्मिक सद्भावले युक्त हिन्दू जीवनपद्धतिमा आधारित सामाजिक समरसतापूर्ण समाज व्यवस्था हो । धर्मका नाममा यस राष्ट्रमा कुनै पनि धर्म, जाति, समुदाय र विचारहरूलाई आक्षेप लगाउने र असहिष्णु व्यवहार गर्ने जस्ता कार्यहरू कदापि भएका छैनन् । यही नै हिन्दू-जीवन दर्शनको महानता हो । जसले विश्वका अन्य धर्महरूमा रहेका कट्टरपन्थ र उग्रविचारहरूको समेत सम्मान गर्दछ । यस्तो उदात्त हिन्दू विचारबाट प्रेरित समाजले युक्त नेपालमा धर्मनिरपेक्षताको घोषणाले सम्पूर्ण नेपालीहरूलाई मर्माहत तुल्याएको छ ।

ऐतिहासिक जन-आन्दोलन २०६२/६३को मूल माग नरहेको विषयलाई ल्याएर पुनर्स्थापित संसदले जेठ ४, २०६३ मा धर्मनिरपेक्ष राज्यको एकाएक गरिएको घोषणाको प्राज्ञिक विद्यार्थी परिषद्,नेपालको यो केन्द्रिय कार्यकारिणी समिति बैठक घोर विरोध गर्दछ ।

नेपालको मौलिक संस्कृति, परम्परा र रीतिरिवाजको आधारशीला भनेको हिन्दूत्व नै हो । धर्मनिरपेक्षताको घोषणाले धर्मान्तिरणको खतराबाट अत्यन्त गम्भीररूपमा नेपाललाई ग्रसित तुल्याएको छ । त्यसैगरी धर्म निरपेक्षताको नाममा सेवा तथा इस्लामिक राष्ट्रहरूका दबावमा आएको नियोजित धर्मनिरपेक्षको भ्रमजालमा देशलाई फँसाउने दुष्चक्र थाहा नपाउनुबाट नेताहरूको वैचारिक शक्तिमा ह्रास आएको तथा दूरदर्शितामा कमि भएको देखिन्छ ।

हिन्दूत्व भनेको कुनै सम्प्रदाय नभएर एउटा उत्कृष्ट जीवनपद्धति हो, त्यसैले धर्मनिरपेक्ष राज्यको घोषणा गरी हाम्रो जीवनपद्धतिलाई नै अस्वीकार गरिएको सन्दर्भमा त्यस्तो घोषणाको विरोध गर्दै यस्तो गैर-जिम्मेवार निर्णय अविलम्ब फिर्ता गर्न नेपाल सरकार समक्ष प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समिति बैठक जोडदार माग गर्दछ ।

सम्प्रदाय निरपेक्ष वा पन्थनिरपेक्ष राज्यको घोषणा गर्दा कसैलाई आपत्ति नहुने तर ८६ प्रतिशत भन्दा बढि हिन्दू भएको विश्वको एकमात्र हिन्दू राज्यलाई एकाएक धर्मनिरपेक्ष राज्य घोषणा गरिनु न्याय संगत नभएको ठहर गर्दै प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रिय कार्यकारिणी समितिको बैठक उक्त घोषणाको घोर विरोध गर्दछ।

हिन्दू राज्य रहँदासम्म सम्पूर्ण जाति, धर्म र भाषा-भाषीका मानिसहरू एक अर्काप्रति सम्मानका साथ व्यवहार गर्दथे। तर धर्मनिरपेक्षताको घोषणाले आपसी द्वन्द्वलाई जन्माउने आधार तयार गर्दछ। जसले गर्दा धार्मिकदङ्गा र गृहयुद्धको प्रारम्भ हुने संकेत देखिएको छ। यस्तो अखण्डातामा आँच आउने र देशको अहित हुने घोषणाको हामी घोर विरोध गर्दछौं।

नेपाली समाजमा रहेका केही कुरीति र कुप्रथालाई नै हिन्दू धर्मको मूल तत्व हो भनी दुष्प्रचार गर्ने एवं धर्मान्तरणको कार्यलाई तीव्रता दिने उद्देश्य बोकेका केही स्वार्थी तत्वहरूको दबावमा गरिएको राष्ट्रहित विरूद्धका घोषणाको कुनै पनि नैतिक आधार छैन।

विद्यार्थी शक्ति भनेको राष्ट्रको मेरूदण्ड हो यस शक्तिलाई राष्ट्रको संस्कृतिको बारेमो जागरूक बनाउँदै हाम्रो पहिचानको शिक्षा प्रदान गर्नु जस्ता कार्यहरू सर्वदा गरिनु पर्दछ। हिन्दूत्व भनेको नेपालको पहिचान हो। नेपालीको पहिचान विश्वमा गराउने आधार पनि हिन्दूत्व नै हो। त्यसैले हिन्दूत्वलाई सम्प्रदायको रूपमा चित्रण गरी यसको विरोध गर्नु सर्वथा अनुचित हुन्छ। सर्वधर्म समभावको अर्थमा राष्ट्रलाई मार्गनिर्देश गर्नुको सट्टा राज्यलाई धर्मप्रति निरपेक्ष बनाउनुले देशमा अनुशासननहीनताको प्रारम्भ हुने कुरालाई दृष्टिगत गरी धर्मनिरपेक्ष राज्य घोषणाको हामी विरोध गर्दछौं।

यस्तो राष्ट्रको नीतिमा दूरगामी असर पार्ने संवेदनशील घोषणा गर्दा त्यसको वास्तविकताको अध्ययन गर्नु जरूरी थियो तर त्यसो गरिएन। कुन अर्थमा Secularism शव्दको यूरोपमा प्रयोग गर्न थालियो भन्ने सन्दर्भ बुझ्नु आवश्यक छ। यूरोपका विशेष गरी ईसाई राष्ट्रहरूमा चर्चले राज्य व्यवस्थामा अनावश्यक हस्तक्षेप गरेको कारण त्यसको विरूद्ध Secularism को प्रयोग गरिनु पर्ने माग तत्कालिन युरोपका राज्य संचालकहरूले गरेका थिए। धर्मसापेक्ष राज्यका नाममा Theocratic Nation (सरियत कानुनयुक्त राज्य) को कल्पनामा आधारित राज्य व्यवस्थाका विरूद्ध प्रयोग गरिएको शव्दलाई ल्याएर नेपाललाई धर्मनिरपेक्ष राज्य घोषणा गर्नु असान्दर्भिक भएको पुष्टि हुन्छ।

Secularism शव्दको ठेट नेपाली अर्थ के हुन्छ भन्ने पनि जान्नै पर्ने हुन्छ। Secularism को अर्थ पन्थनिरपेक्ष हो या धर्मनिरपेक्ष हो अथवा धर्म छोड्नु/नमान्नु भनिएको पो हो कि ? त्यसैगरी सर्वधर्म समभाव भन्ने चाँहि हो कि ? जस्ता तथ्यहरूको गम्भीर चर्चा, परिचर्चा तथा चिन्तन नै नगरी भनेको धर्मनिरपेक्षता हो भनी राज्यलाई धर्मनिरपेक्ष राज्य घोषणा गर्नु कत्तिको युक्तिसंगत ठहर्दछ ? यसै सन्दर्भमा यदि राज्यमा सबै धर्मलाई समानरूपमा हेर्ने र धार्मिक स्वतन्त्रता नै चाहने हो भने सर्वधर्म समभाव राष्ट्र वा धार्मिक स्वतन्त्रतायुक्त राष्ट्र जस्ता उपाधि राख्न सकिन्थ्यो। परन्तु धर्मनिरपेक्ष राज्य भनी धर्मप्रति निरपेक्ष बनाउन चाहनु एउटा गैर-जिम्मेवार र पराजित मानसिकताको उपज हो भन्ने प्राज्ञिक विद्यार्थी परिषद्, नेपालको यो केन्द्रीय कार्यकारिणी समितिको बैठकद्वारा ठहर गर्दै उक्त औचित्यहीन घोषणा प्रति घोर आपत्ति प्रकट गर्दछ।